Royal Berkshire
NHS Foundation Trust

# क्षयरोग: फोक्सोको क्षयरोग र तपाईंको उपचार

## बिरामीहरू निम्ति जानकारी

# यो पर्चा फोक्सोको क्षयरोगीहरू निम्ति हो।

क्षयरोग ब्याक्टेरिया (माइकोब्याक्टेरियम ट्यूबरक्लोसिस [Mycobacterium tuberculosis])-ले गर्दा हुने एक संक्रमण हो। यसले प्रायः सामान्य रूपले फोक्सो (पुल्मोनरी)-लाई प्रभावित गर्दछ र यो संक्रामक हुन सक्दछ। उपचारको पूरा कोर्स गरेर क्षयरोगलाई निको पार्न सकिन्छ।

## फोक्सोको क्षयरोग

- तपाईंलाई फोक्सोको क्षयरोग भएको पत्तो लागेको छ। यसको अर्थ के हो भने तपाईंले यो संक्रमण अरूलाई सार्न सक्नुहुन्छ।
- क्षयरोग हावा मार्फत् फैलन्छ जब फोक्सोमा संक्रामक क्षयरोगले ग्रस्त व्यक्तिले खोक्दछ। तपाईंलाई यो प्रकारको क्षयरोग छ भने, तपाईंको संसर्गमा लामो समयसम्म रहने मानिसहरूले सास मार्फत् ब्याक्टेरिया ग्रहण गरेको हुन सक्छ र उनीहरूलाई संक्रमण भएको हुन सक्छ।
- तपाईं आफ्नो कार्यस्थलबाट टाढा रहनु पर्दछ र केही सावधानीहरू राख्नु पर्दछ, तर दुई सातासम्म लगातार क्षयरोगको उपचार गरिएपछि तपाईं संक्रामक रहनुहुने छैन र काममा फर्कन सक्नुहुन्छ। तपाईंका सल्लाहकार र क्षयरोग विशेषज्ञ नर्सले विस्तारपूर्वक यस विषयमा चर्चा गर्नेछन्।
- तपाईंको क्षयरोग विशेषज्ञ नर्सले तपाईंसँग तपाईंको परिवार र साथीहरूको बारेमा पनि चर्चा गर्नेछन्। यसबाट तपाईंको निकट संसर्गमा लामो समयसम्म रहेकाहरूको चिह्नारी गर्नमा हामीले मद्दत पाउनेछौँ किनकि उनीहरूलाई संक्रमण सरेको हुन सक्ने जोखिम बढी हुन्छ। त्यसपछि हामीले उनीहरूलाई साधारण त्वचा जाँच र, केही मामिलाहरूमा, एक्स-रे गराउनका लागि व्यवस्था गर्न सक्छौँ।

## तपाईंको उपचार

- तपाईं साह्रै विसञ्चो हुनुहुन्न र अस्पतालमा भर्ना गर्नु पर्ने अवस्था छैन भने तपाईंको उपचार क्षयरोगमा विशेषज्ञता प्राप्त डक्टर वा नर्सले गर्नेछन्।
- क्षयरोगको उपचार सामान्यतः छः महिनाको लागि हुन्छ तर भिन्न व्यक्तिहरूको हिसाबले यो लामो पनि हुन सक्छ। तपाईंका सल्लाहकारले यसबारे तपाईंसँग चर्चा गर्नेछन्।

- तपाईंले औषधी शुरू गरेको केही साता भित्रमा नै तपाईंले राम्रो महसूस गर्न थाल्नु हुनेछ। यसको अर्थ यो होइन कि क्षयरोग निको भएको छ।
निको हुनलाई तपाईंले आफ्नो क्षयरोगको औषधिको सम्पूर्ण खुराक लिनु जरुरी छ।

## महत्वपूर्ण सल्लाह

- यी चक्कीहरूले तपाईंले खाने अन्य औषधीहरूलाई प्रभावित पार्न सक्छन्, कृपया परामर्शका लागि आफ्ना क्षयरोग विशेषज्ञ नर्ससँग कुरा गर्नुहोस्।
- यी चक्कीले गर्भनिरोधक चक्कीलाई प्रभावित पार्न सक्छन्, थप सल्लाहका लागि कृपया आफ्ना जीपी-लाई भेट्नुहोस्।
- सम्पूर्ण औषधि एकसाथ मुखबाट लिनु पर्छ, दिनमा एक पटक, खाली पेटमा (खाना खानु भन्दा 30 मिनटमा)।
- कृपया जाँड-रक्सीको सेवन नगर्नुहोस्।
- कुनैपनि खुराक नछुटाइ हरेक दिन तपाईंको औषधि लिनुहोस् यदि तपाईंले चक्कीहरू खानुभएन भने शेष रहेका क्षयरोगका रोगाणुहरू हुर्कन जारी रहनेछन् र क्षयरोगको उपचार गर्नु गाह्रो पर्नेछ। त्यसपछि तपाईंलाई केही उपचारहरूले काम गर्ने छैन (बहु-औषधीय प्रतिरोधक क्षयरोग)। पूर्णतया उपचार पूरा गरेर क्षयरोगलाई निको पार्न सकिन्छ।
- तपाईंको औषधी उपलब्ध रहोस् भन्ने कुरो सुनिश्चित गर्नुहोस्, तर औषधी सिद्धिएको स्थितिमा जतिसक्दो चाँडो आफ्ना क्षयरोग विशेषज्ञ नर्सलाई सम्पर्क गर्नुहोस्।
- अस्पतालमा तपाईंलाई बोलाइएको समयमा उपस्थित हुन नबिर्सनुहोस् जसबाट हामीले तपाईंको प्रगतिको निगरानी गर्न सकौँ र तपाईंलाई अरू औषधीहरू दिन सकौँ।
- औषधीहरूलाई चिसो, अन्ध्यारो ठाउँमा र बच्चाहरूको पहुँच बाहिर राख्नुहोस्।
- तपाईंको उपचारसित सम्बन्धित कुनैपनि कुराबारे चर्चा गर्न चाहनुहुन्छ भने कृपया कुनैपनि समय सम्पर्क गर्नुहोस्।
- यदि तपाईंलाई कुनै दुष्प्रभावहरू हुन्छ भने तुरुन्तै हामीलाई सम्पर्क गर्न नबिर्सनुहोला।

## थप सल्लाह:

क्षयरोग सेवा टेलिफोन: 0118 322 6882

# <u>तपाईंको औषधी र तिनले हुन सक्ने दुष्प्रभावहरू</u>

## <u>बढी विस्तारपूर्वक जानकारीका लागि प्रत्येक औषधीका साथ आउने बिरामी जानकारी पर्चालाई कृपया ध्यानपूर्वक पढ्नुहोस्।</u>



**Rifater** – गोलो, हल्का गुलाफी चक्की। यो चक्कीमा *Rifampicin*, *Isoniazid* तथा *Pyrazinamide* हुन्छ। साइड इफेक्टहरूका लागि *Rifampicin, Isoniazid तथा Pyrazinamide* हेर्नुहोस्।



**Rifinah/Rimactazid** – 300मि.ग्रा. रातो र गुलाफी रङको क्याप्सूल, 150मि.ग्रा. रातो र नीलो/ खराने रङको क्याप्सूल, वा रातो रङको क्याप्सूल। यो चक्कीमा *Rifampicin* तथा *Isoniazid* हुन्छ। साइड इफेक्टहरूका लागि *Rifampicin* तथा *Isoniazid* हेर्नुहोस्।



**Rifampicin** – 300मि.ग्रा. रातो र गुलाफी क्याप्सूल, 150मि.ग्रा रातो र नीलो/खरानी रङको क्याप्सूल। यसले पिसाब, आँसु र वीर्य सुन्तले रङका हुनेछन् (यो सामान्य हो र यसमा कुनै चिन्ता गर्नु पर्दैन)। कन्टेक्ट लेन्सहरूको रङ फेरिन सक्दछ तसर्थ उपचार पूरा नहुञ्जेल चस्मा पहिरिने सिफारिस गरिन्छ। गर्भनिरोधक चक्कीहरूले प्रभावी ढंगमा काम गर्ने छैनन् तसर्थ तपाईंले वैकल्पिक गर्भनिरोधक उपायको बारेमा विचार गर्नु पर्दछ। अन्य दुष्प्रभावहरूमा छालामा न्यासहरू, बान्ता र झाडापखाला सामेल छन्।



**Isoniazid** – 100मि.ग्रा. गोलो सेतो चक्की, 50मि.ग्रा. सानो, गोलो सेतो चक्की। दुष्प्रभावहरूमा वाकवाक लाग्नु, बान्ता गर्नु र हात-खुट्टा झन्झनाउनु हुन सक्छन्। हात-खुट्टा झन्झनाउन रोक्नका लागि तपाईंलाई पिरिडोक्सीन [pyridoxine] (भिटामिन B6) दिन सकिन्छ। यसले गर्भनिरोधक चक्कीलाई प्रभावित पार्न सक्छ।



**Pyrazinamide** – 500मि.ग्रा. गोलो सेतो चक्की। न्यासहरू, रिङ्टा, बान्ता, पहेंले रोग, ज्वरो, तपाईंका जोर्नीहरूमा दुख्ने वा पीडा हुने दुष्प्रभाव हुन सक्छन्।



**Ethambutol** – 400मि.ग्रा. गोलो खरानी रङको चक्की, 100मि.ग्रा. गोलो पहेंलो चक्की। धमिलो देखिनु र रातोहरियो रङ दृष्टिमा परिवर्तन हुने दुष्प्रभावहरू हुन सक्छन्।

यी औषधिहरू शरीरमा कलेजोद्वारा प्रशोधित गरिन्छ। यदि तपाईंलाई पेट दुख्ने, जाडो लाग्ने, बान्ता भएमा वा पहेँलो रोग (कमलपित्त) भएमा कृपया क्षयरोग नर्सलाई सम्पर्क गर्नुहोस्।

वेस्ट बर्कशायर क्षयरोग सेवा [West Berkshire TB Service], श्वासप्रश्वासको चिकित्सा [Respiratory Medicine], फरवरी 2010
समीक्षा गरिएको मिति: जुलाई 2019. आगामी समीक्षा मितिः जुलाई 2021